# सिर्जनशील युवा, खेलाडी, वैज्ञानिक, कलाकार, समाजसेवी, प्रकृति संरक्षक, उद्यमी, कला साहित्य संस्कृति लगायतका युवा र स्रष्टा तथा संस्थाको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावनाः**

प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार सिर्जनशील युवा, खेलाडी, वैज्ञानिक, कलाकार, समाजसेवी, प्रकृति संरक्षक, उद्यमी, कला साहित्य संस्कृति लगायतका युवा र स्रष्टा तथा संस्थाको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान गर्ने कार्यक्रमलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी युवा तथा खेलकुद मन्त्रालयले यो मापदण्ड बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रोत्साहन र पुरस्कार सम्बन्धी मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

क) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको युवा तथा खेलकुद क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

ख) "मन्त्री" भन्नाले गण्डकी प्रदेशको युवा तथा खेलकुद मन्त्रालयको मन्त्रीलाई सम्झनुपर्छ ।

ग) "प्रोत्साहन र पुरस्कार" भन्नाले यस मापदण्ड बमोजिम तोकिएका आधारमा मूल्याङ्कन गर्दा उत्कृष्ट स्थान हासिल गर्ने वा विशिष्ट योगदान दिएका व्यक्तिलाई गरिने सम्मान, प्रमाणपत्र तथा नगद पुरस्कारलाई सम्झनुपर्छ ।

घ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमका स्थानीय तहहरू सम्झनुपर्दछ ।

ङ) "पहिचान" भन्नाले प्रदेशभित्र स्थायी बसोवास भएका सिर्जनशील युवा, खेलाडी, वैज्ञानिक, कलाकार, समाजसेवी, प्रकृति संरक्षक, उद्यमी, कला साहित्य संस्कृति लगायतका स्रष्टा तथा संस्थाहरूको पहिचान भन्ने सम्झनुपर्छ ।

## परिच्छेद-२
## प्रस्ताव आव्हवान र मूल्याङ्कन सम्बन्धी व्यवस्था

३. **प्रस्ताव माग गर्नेः** (१) यस मापदण्ड बमोजिम सिर्जनशील युवा, खेलाडी, वैज्ञानिक, कलाकार, समाजसेवी, प्रकृति संरक्षक, उद्यमी, कला साहित्य संस्कृति लगायतका स्रष्टा तथा संस्थाको पहिचान गर्न मन्त्रालयबाट राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत प्रकाशन गरिनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि सबै स्थानीय तहहरूमा पत्राचार गरिनेछ ।

तर, प्राकृतिक प्रकोप, महामारी अथवा अन्य कुनै कावु बाहिरको परिस्थिति सिर्जना भएमा प्रस्ताव आह्वान नगरी सिर्जनशील व्यक्ति तथा स्रष्टाहरूको ख्याति तथा योगदान देखिने अभिलेख प्रमाणका आधारमा मूल्याङ्कन तथा सिफारिस समितिले मूल्याङ्कन गरी दफा ८ बमोजिम पुरस्कृत गर्न मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछ ।

४. **प्रस्ताव पेश गर्नेः** (१) दफा ३ बमोजिम माग भएको प्रस्ताव अनुसार इच्छुक व्यक्तिहरूले अनुसूची –१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी स्थानीय तह वा मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका प्रस्ताव स्थानीय तहमा प्राप्त भएमा सम्बन्धित स्थानीय तहले एकमुष्ट रूपमा प्रस्ताव पेस गर्ने अवधि समाप्त भएको मितिले सात दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रस्तावका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ ।

(क) सम्बन्धित स्थानीय तहबाट राय सहितको सिफारिश,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) उच्चतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सिर्जना, दक्षता, सेवा तथा योगदान सम्बन्धी निस्सा।

(४) आफ्नो नागरिकताको प्रमाणपत्रमा जन्मस्थान वा स्थायी वासस्थान वा दुबै ठेगाना गण्डकी प्रदेश उल्लेख नभएको व्यक्ति यस मापदण्ड बमोजिम प्रदान हुने प्रोत्साहन र पुरस्कारको लागि योग्य मानिने छैन ।

(५) यस मापदण्ड बमोजिम कुनै प्रतिभाशाली व्यक्तिको विवरण उल्लेख गरी कुनै विश्वविद्यालय, शिक्षण संस्था, कार्यालय, संस्था वा अन्य कुनै व्यक्तिले समेत अनुसूची १ बमोजिमको सिफारिस गर्न सक्नेछन् ।

(६) राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा ख्याती आर्जन गरेका वा कुनै क्षेत्रमा उल्लेख्य योगदान दिएका कुनै व्यक्तिले अअनुसूची १ बमोजिमको प्रस्ताव पेश नगरे पनि विभिन्न स्रोतका आधारमा प्रतिभाको पहिचान गरी मूल्याङ्कन तथा सिफारिस समितिले प्रोत्साहन र पुरस्कारको लागि सिफारिस गर्न सक्नेछ ।

५. **मूल्यांकन तथा सिफारिश समितिः** (१) यस मापदण्ड बमोजिम प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी सिफारिस गर्नको लागि मन्त्रालयमा देहायअनुसारको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः

(क) गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति वा उपकुलपति

(ख) युवा तथा खेलकुद महाशाखा प्रमुख

(ग) गण्डकी विश्वविद्यालयका विज्ञान तथा प्रविधि विषयका विज्ञ

(घ) प्रदेश नीति तथा योजना आयोगका कम्तिमा उपसचिवस्तरको प्रतिनिधि

(ङ) युवा तथा खेलकुद शाखा प्रमुख

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिले बैठक, संक्षिप्त सूची तथा मूल्याङ्नक सम्बन्धी अन्य कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(३) समितिले प्रस्तावहरुको मूल्याङ्कन गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(४) समितिका सदस्य र मूल्याङ्कन तथा सिफारिस सम्बन्धी कार्यमा खटिने कर्मचारीले नियमानुसार बैठक भत्ता पाउनेछन् ।

६. **प्रस्ताव मूल्याङ्कनका आधारहरूः** (१) मूल्याङ्कन तथा सिफारिस समितिले दफा ४ बमोजिम प्राप्त भएका प्रस्तावहरु देहायका आधारहरूमा अनुसूची २ बमोजिम छनौट गर्नुपर्नेछ ।

(क) योगदानको अवधि वापतः 10 अङ्क

(ख) प्रकाशन, सिर्जना, सेवा, आविश्कार उत्पादन वापतः 40 अङ्क

(ग) विशेष योगदान वा ख्याती वापतः २५ अङ्क

(घ) प्रस्तुतीकरण वापतः 2५ अङ्क

(२) उपदफा (१) बमोजिमको योगदानको अवधिमा प्रति वर्ष १ अङ्कका दरले बढिमा 10 अङ्क र पूरा
वर्ष नपुगेमा दामासाहीले दिनको हिसाब गरेर अङ्क प्रदान गरिनेछ ।

(३) प्रकाशन,सिर्जना, अनुसन्धान, आविश्कार, सेवा तथा उत्पादन वापतको अङ्क
विभाजन मूल्याङ्कन तथा
सिफारिस समितिले निर्धारण गरेका आधार बमोजिम हुनेछ ।

(४) विशेष योगदान वा ख्याती वापतको अङ्क मूल्याङ्कन तथा सिफारिस समितिले गरेको मुल्याङ्कन बमोजिम हुनेछ ।

(५) प्रतिभाको प्रस्तुतीकरण वापतको अङ्क प्रदान गर्न मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यक आधारहरू तय गर्न सक्नेछ ।

(६) प्रतिभाहरूको भौतिक उपस्थितिमा प्रस्तुतीकरण गर्न सम्भव नभएमा मूल्याङ्कन तथा सिफारिस समितिले बैकल्पिक माध्यमबाट मूल्याङ्कन गरी प्रस्तुतीकरण वापतको अङ्क प्रदान गर्न बाधा पर्ने छैन ।

(७) अनुसूची २ बमोजिम मूल्याङ्कन तथा सिफारिस समितिका सदस्यहरूबाट भएको मूल्याङ्कनबाट प्राप्त समष्टिगत अङ्क गणना गरी अन्तिम अङ्क प्रदान गरिनेछ ।

## परिच्छेद-३
## विविध

७. **विधा र पुरस्कारको दरः** (१) मन्त्रालयले खेलकुद, विज्ञान तथा प्रविधि, समाजिक सेवा, उद्यम र कला, साहित्य तथा संस्कृति गरी पाँच वटा विधाबाट प्रतिभाको छनौट गर्नेछ ।

(२) प्रत्येक बिधाबाट उत्कृष्ट दुई जनालाई दुई लाख रूपैंया नगद र प्रमाणपत्र उपलब्ध गराइनेछ । तर दफा ८ बमोजिम सिफारिस भएका सिर्जनशील व्यक्तिहरूको पुरस्कार रकम यस उपदफाको परिधिभित्र रहेर मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस गर्न सक्नेछ ।

(३) कुनै विधाको छनोट सूचीमा पुरस्कारको लागि न्यूनतम सङ्ख्याका प्रस्ताव नपरेमा अर्को विधाका उत्कृष्ट थप प्रस्तावलाई छनोट सूचीमा समावेश गर्न सकिनेछ ।

(४) प्रस्तुतीकरणमा सहभागी अन्य प्रतिभाहरूलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनेछ।

८. **जोखिममा रहेका सिर्जनशील व्यक्तिलाई पुरस्कार सिफारिस गर्न सक्नेः** (१) यस मापदण्ड बमोजिमको प्रोत्साहन र पुरस्कार कार्यक्रमका अतिरिक्त उपदफा 6 बमोजिमको समितिले कुनै क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका तथा आर्थिक अवस्था कमजोर भएका र कुनै किसिमले जोखिममा रहेका सिर्जनशील वा प्रतिभावान् व्यक्तिलाई दफा ६ वमोजिमका आधारमा मूल्याङ्कन गरी पुरस्कारको लागि मन्त्रालय समक्ष सिफारिश गर्न सक्नेछ ।

(२) दफा ८ मा जे सुकै लेखिएको भएता पनि उपदफा (१) बमोजिम सिफारिस गरिने सिर्जनशील व्यक्तिहरूको लागि मूल्याङ्कन तथा सिफारिस समितिले पुरस्कार रकम समेत खुलाई सिफारिस गर्नुपर्नेछ ।

९. **यसै मापदण्ड बमोजिम भएको मानिनेः** यो मापदण्ड लागू हुनुभन्दा अगाडि प्रदान भएको प्रोत्साहन तथा पुरस्कार यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।

१०. **संक्षिप्त सूची तयार गरिनेः** दफा ५ बमोजिमको समितिले अनुसूची २ बमोजिम मूल्याङ्कन गर्दा उच्चतम अङ्क प्राप्त गर्ने व्यक्तिहरूको सूची तयार गरी प्रस्तुतीकरणको लागि मिति तोकी सूचना गर्नेछ ।

११. **पुरस्कार र प्रमाणपत्र वितरणः** प्रदेशस्तरको कुनै समारोहमा पुरस्कार र प्रमाणपत्र वितरण गरिनेछ ।

१२. **<u>अयोग्य ठहरिने:</u>** यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भएता पनि फौजदारी अभियोगमा कसूरदार ठहरिएको र अन्य प्रचलित कानूनले निशेध गरेको व्यक्ति यो मापदण्ड बमोजिम प्रोत्साहन र पुरस्कारको लागि प्रस्तावक र पुरस्कृत हुन योग्य मानिने छैन ।

१३. **<u>मापदण्ड र मूल्याङ्कनका आधारको अन्तिम व्याख्या:</u>** यस मापदण्ड र प्रतिभाको मूल्याङ्कनका आधारको अन्तिम व्याख्या दफा ५ बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ ।

१४. **<u>आधार मान्न सकिने:</u>** प्रतिभाको सूचीकरण, मूल्याङ्कन जस्ता विषयमा यस मापदण्डमा उल्लेखित आधारका अतिरिक्त **प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०७६** आधार मान्न सकिनेछ ।

१५. **<u>बाधा अड्काउ फुकाउः</u>** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले मापदण्डको संशोधन गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. **<u>प्रदेश प्रतिभा घोषणाः</u>** दफा १० बमोजिमको संक्षिप्त सूचीमा परेका व्यक्तिहरूबाट सर्वोत्कृष्ट एक जना व्यक्तिलाई दफा ५ बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिशका आधारमा प्रदेश प्रतिभा २०७८ घोषणा गरी थप एक लाख नगद पुरस्कार प्रदान गर्न सकिनेछ ।

## अनुसूची – १
### मापदण्डको दफा ५ को उपदफा (१) सँग सम्बन्धित
### प्रोत्साहन र पुरस्कार प्राप्त गर्न युवा, स्रष्टा वा संस्थाले बुझाउने प्रस्तावको ढाँचा
(संक्षिप्त सूची तयार गर्ने प्रयोजनको लागि)

१. प्रस्तावकको नाम थरः ..........................................
..........................................
२. प्रस्ताव गरिदिने अन्य व्यक्ति तथा संस्था भएमाः
........................................................
३. ठेगानाः
स्थायी ठेगानाः ............................
.............................. ..........................
............
बसोबासको ठेगानाः ................... .......................
............................ .................
सम्पर्क फोन नः ..........................................इमेलः
............................................
नगरिकता जारी भएको जिल्लाः ...................... नागरिकता नः
..........................
४. उच्चतम शैक्षिक योग्यता र प्राप्त प्रतिशत/ग्रेडः .........................
.............................
५. पेशाको विवरणः ........................
........................... ..........................
......... .....
.............. .................. ....................
.................. ................ ..................
६. योगदानको विधाः........................ उपविधाः
......................
(योगदान देखिने सेवा, खेल, रचना, सिर्जना, कृति, उत्पादन, प्रतिवेदन, अनुसन्धान, आविश्किार आदिको प्रमाण सहितको विवरण)
............. ...........................
................ ................... .....................
.................. ..........................
.................. ........................ ..........
.................
.................. ..........................
.................. ........................ ..........
.................
.............................................
.................. ........................ ..........
.................
७. संलग्न संस्था, कार्यजिम्मेवारी र अवधिः
............. ...........................
................ ................... .. ......................
.................. ..........................
.................. ........................ ..........

.....................
......................... .........................
......................... .................... ...........
.....................

८. पुरस्कार, पदक, मानपदवी सम्बन्धी प्राप्त गरेको भए सोको विवरणः

......................... .........................
......................... .................... ...........
.....................
......................... .........................
......................... .................... ...........
.....................

९. प्रदेश अथवा मुलुकको आर्थिक, सामाजिक, साँस्कृतिक, साहित्यिक, कला, वैज्ञानिक, सेवा, आदि क्षेत्रमा आफूले गरेको योगदान तथा हासिल भएका मुख्य मुख्य उपलब्धीहरूको विवरण (key output and outcomes) लेख्ने (बढीमा ३०० शब्दमा):

अनुसूची २

**सिर्जनशील युवा, खेलाडी, वैज्ञानिक, कलाकार, समाजसेवी, प्रकृति संरक्षक, उद्यमी, कला साहित्य संस्कृति लगायतका युवा र स्रष्टा तथा संस्थाको पहिचान गरी प्रोत्साहन र पुरस्कार प्रदान गर्नेसम्बन्धी मापदण्ड २०७७**

**(दफा ९ बमोजिमको प्रस्ताव मूल्याङ्कन फाराम)**

| सि.नं | आधारहरू →<br>उम्मेदवारको नाम थर | उम्मेदवारको ठेगाना | योगदानको अवधि (१0) | प्रकाशन, सिर्जना, आविश्कार, उत्पादन (४0) | विशेष योगदान वा ख्याती (२5) | प्रस्तुतीकरण (25) | जम्मा (100) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| 3 | | | | | | | | |
| 4 | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| 7 | | | | | | | | |

मूल्याङ्कनकर्ताको नाम थरः

मूल्याङ्कनकर्ताको पदः

हस्ताक्षरः